नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानवस्रोत विकास केन्द्र**
पाठ्यक्रम तथा सामग्री शाखा
सानोठिमी, भक्तपुर

फोन :०१–६६३३६२५
फ्याक्स : ०१–६६३३६२५

प.सं.:- २०७७/०७८
च.नं. ४६५

मिति२०७८/०२/३०

**विषय : विषय :** पाठ्यपुस्तकको उपलब्धता, वितरण तथा गुणस्तरको अनुगमन गर्ने सम्वन्धमा ।

श्री सबै स्थानीय तहहरु ।
श्री सबै शिक्षा विकास तथा समन्वय इकाइहरु ।

प्रस्तुत विषयमा पाठ्यपुस्तक वितरण व्यवस्थापन अनुगमन केन्द्रीय समितिको मिति २०७८ जेठ २८ मा बसेको बैठकले आगामी असार १ गतेबाट सुरु हुने २०७८को शैक्षिक सत्रलाई मध्यनजर गरी प्रत्येक विद्यर्थीको हातहातमा पाठ्यपुस्तक उपलब्धताको सुनिश्चिता गर्न केन्द्र देखि विद्यालय तह सम्म पाठ्यपुस्तकको उपलब्धता, वितरण तथा गुणस्तरको अनुगमन कार्यलाई प्रभावकारी बनाउने निर्णय भएकोले उक्त निर्णय बमोजिम जिल्ला तथा स्थानीय स्तरमा पाठ्यपुस्तकको उपलब्धता, वितरण तथा गुणस्तरको अनुगमन गर्नु गराउनुहुन अनुरोध छ । साथै नेपाल सरकारले पाठ्यपुस्तकमा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रसहितको नेपालको नयाँ नक्साको प्रयोग गर्ने निर्णय गरिसकेको सन्दर्भमा अझैपनि कतिपय प्रकाशनबाट चालु शैक्षिक सत्रमा बिक्रि गरिएका विद्यालय तहका पाठ्यपुस्तकमा नेपालको पुरानो नक्सा नै छपाइ गरेको पाइएकोले नयाँ नक्साको प्रयोग भएको पाठ्यपुस्तकबाट अध्ययन अध्यापन गर्ने व्यवस्थाको लागि सम्बन्धित सबै प्रकाशकहरुले पुरानो नक्सा प्रयोग भएका सम्बन्धित पेजहरुमा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रसहितको नेपालको नयाँ नक्साको प्रयोग गरी पुनःछपाइ गरी पुरानो पेजको ठाँउमा नयाँ पेज टाँस्ने व्यवस्था गर्न सम्बन्धित बिकेता मार्फत तत्काल सम्पूर्ण विद्यालयमा पठाउने व्यवस्था गर्ने भन्ने निर्णय भए बमोजिम सबै विद्यालयहरुलाई विद्यार्थीले प्रयोग गरेका पाठ्यपुस्तकमा नयाँ पेजले प्रतिस्थापन गर्ने व्यवस्था कार्यान्वयनका लागि अनुरोध छ ।

सविता दङ्गाल
निर्देशक

<u>वोधार्थ</u>
सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु ।